CHANDRAGIRI HILLS LTD.
WHERE WISHES COME TRUE

प्रेस विज्ञप्ति

# चन्द्रागिरि हिल्सको अध्यक्षमा हेमराज ढकाल

श्रीमान् सम्पादकज्यू,

२२ पौष २०७९, काठमाडौं । चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०७९ पौष २१ गते बसेको १३ औं वार्षिक साधारण सभामा संस्थापक  शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन तालिका बमोजिम सभामा आगामी चार बर्षको कार्यकालका लागि संचालक सदस्यमा क्रमश श्री हेमराज ढकालज्यू, श्री उत्तम कुमार नेपालज्यू, श्री कल्याण गुरुङ्गज्यू, तथा श्री दिलिप शेखर श्रेष्ठज्यूलाई र्निविरोध निर्वाचित गरेको छ ।

साथै सोही दिनमा बसेको नव निर्वाचित संचालक समितिको बैठकले संचालक सदस्य श्री हेमराज ढकालज्यूलाई अध्यक्षमा र्निविरोध चयन गरेको छ । नवनिर्वाचित अध्यक्ष ढकाल चन्द्रागिरि हिल्सका संस्थापक अध्यक्षसमेत हुनुहुन्छ । लामो समयको मलेसिया बसाइँका क्रममा त्यहाँ निर्माण भएको ग्यान्टिङ्ग हाइल्यान्ड परियोजनाबाट प्रभावित भई अध्यक्ष ढकालले सन् २००९ देखि नै एकीकृत पर्यटकीय पूर्वाधारको रुपमा चन्द्रागिरि हिल्सको परिकल्पना गर्नु भएको थियो ।

ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक महत्व बोकेको चन्द्रागिरि डाँडामा यस कम्पनीले भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क, सेमिनार हल, साहसिक खेल तथा पाँच तारे लक्जरी रिसोर्ट लगायतका पूर्वाधार निर्माण गरेर चन्द्रागिरि डाँडालाई एकीकृत पर्यटकीय गन्तव्यको रुपमा विकास गरिरहेको छ ।

भवदीय,

चन्द्रागिरि हिल्स लिमिटेड

Chandragiri Hills Ltd.
(Formerly known as Kathmandu Fun Park Ltd)
City office: IME Complex, 4th Floor,
Panipokhari, Kathmandu, Nepal
Tel: 977-1-4430600 | Fax: 977-1-4002582
www.chandragirihills.com